नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनकुटा

☎ ०२६-५२२१३१
०२६-५२२१३२
०२६-५२२६९६
Email:-daodhankuta@gmail.com
web:-daodhankuta.moha.gov.np

पत्रसंख्या:- २०७७/०७८

मितिः- २०७८/०१/३१

# धनकुटा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी निषेध आदेश ।

विश्वभर महामारीको रुपमा फैलिरहेको नयाँ भेरियेन्ट सहितको कोभिड-१९ संक्रमण पछिल्ला दिनहरुमा यस जिल्लामा समेत तिव्र रुपमा बृद्धि भएकोले DCCMC को बैठकको निर्णयानुसार संक्रामक रोग ऐन,२०२० को दफा २(२) र स्थानिय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८ बैशाख २२ गते राति १२:०० बजेदेखि २०७८ बैशाख ३१ गते राति १२:०० बजे सम्म लागु हुने गरी धनकुटा नगरपालिकाको सबै वडाहरुमा निषेध आदेश जारी गरिएकोमा संक्रमण दर अझ तिव्र रुपमा फैलिरहेकोले संक्रमणको साङ्ग्लो तोड्नको लागि उक्त निषेध आदेशलाई निरन्तरता दिदैं मिति २०७८ बैशाख ३१ गते बसेको DCCMC र जिल्ला सुरक्षा समितिको निर्णयानुसार **मितिं २०७८ बैशाख ३१ गते राति १२:०० बजेदेखि २०७८ जेष्ठ १५ गते राति १२:०० बजेसम्म** धनकुटा जिल्ला भरी लागु हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**हाल संकमित हुनु भएका महानुभावहरुको शिघ्र स्वास्थ्य लाभको कामना साथ यस बाट सर्वसाधारण सबैमा पर्न गएको असुविधाको लागि जिल्ला प्रशासन कार्यालय, धनकुटा क्षमाप्रार्थी छ ।**

**<u>निषेध आदेश जारी भएको क्षेत्र</u>**

- धनकुटा जिल्ला भरी ।

**<u>निषेध आदेश जारी भएको समयमा पालना गर्नुपर्ने आदेशहरु</u>**

१. **<u>सर्वसाधारणहरुका लागि</u>**

- अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कने । निस्कनै पर्ने भएमा स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण पालना गरेर मात्र बाहिर निस्कने ।
- नेपाल सरकारबाट तोकिएको भौतिक दुरी, स्वास्थ्य तथा सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गर्ने गराउने । नियमित रुपमा सावुन पानिले हात धुने, अनिवार्य मास्कको प्रयोग गर्ने र सेनिटाईजरको प्रयोग गर्ने गराउने ।
- हाट बजार, मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिड भाड हुने कार्य नगर्ने नगराउने ।
- मठ मन्दिर, मस्जिद, चर्च, गुम्बा लगायतमा नियमित गर्नु पर्ने पुजा बाहेक मानिस जमघट हुने गरी पुजा पाठको कार्य नगर्ने नगराउने ।
- साना बालबालिका, जेष्ठ नागरिक र दीर्घरोगीहरु विरामी भई अस्पताल वा स्वास्थ्य संस्था जानु परेको अवस्थामा बाहेक घरबाट बाहिर ननिस्कने ।
- सबै प्रकारका सभा सम्मेलन, गोष्ठि, सेमिनार, सिनेमा हल, मनोरन्जन स्थल, सैलुन, व्युटिपार्लर, जिमखाना, कवड हल, समूहमा खेल्ने खेलकुद, पुस्तकालय आदि संचालन नगर्ने नगराउने ।
- कोभिड-१९ को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखा परेमा तुरुन्त नजिकैको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्ने ।
- कोभिड-१९बाट संकमित भएका व्यक्तिहरुले अनिवार्य र सुरक्षित रुपमा १४ दिन सम्म आईशोलेसनमा बस्ने ।

बासुदेव दाहाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनकुटा

☎ ०२६-५२११३१
०२६-५२११३२
०२६-५२२६९६
Email:-daodhankuta@gmail.com
web:-daodhankuta.moha.gov.np

पत्रसंख्या:- २०७७/०७८

२. **सरकारी कार्यालय तथा सार्वजनिक निकायहरुको संचालन सम्बन्धमा**

- ❖ संघ/प्रदेश वा स्थानीय तह अन्तर्गतका धनकुटा जिल्ला भित्र रहेका अति आवश्यक सेवा भित्र पर्ने सरकारी कार्यालय वा सार्वजनिका निकायहरुले अति आवश्यक कर्मचारीहरु मात्र राखि सेवा संचालन गर्ने व्यवस्था सबै कार्यालय प्रमुखहरुले मिलाउने ।
- ❖ संघ/प्रदेश वा स्थानीय तह अन्तर्गतका धनकुटा जिल्ला भित्र रहेका अति आवश्यक सेवा भित्र नपर्ने सरकारी कार्यालय वा सार्वजनिक निकायहरुले मिति २०७८ जेष्ठ १५ गते सम्मका लागि सबै प्रकारका सेवा प्रवाह बन्द गर्ने । कार्यालय भने सीमित कर्मचारी राखि खुल्ला गर्ने ।

३. **बैंक तथा वित्तिय संस्थाहरु संचालन सम्बन्धमा**

- ❖ बैंक तथा वित्तिय संस्थाहरुले नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम सेवा संचालन गर्ने र नेपाल राष्ट्र बैंकले निर्देशन नगरे सम्म सीमित कर्मचारी राखी अति आवश्यक सेवा मात्र विहान ८ बजेदेखि विहान ११ बजेसम्म मात्र हप्ताको ३ दिन (सोमबार, बुधबार र शुक्रवार) संचालन गर्ने गराउने ।

४. **अत्यावश्यक पसल वा व्यवसाय संचालन गर्ने सम्बन्धमा**

- ❖ औषधि तथा स्वास्थ्य सामाग्रीहरु विक्रि गर्ने पसलहरु बन्द नगर्ने ।
- ❖ दैनिक उपभोग्य सामाग्रीहरु खाद्यान्न, फलफुल, तरकारी, पानी ,माछा, मासु, अण्डा, दुग्धजन्य पदार्थ, ग्याँस, लगायतका दैनिक उपभोग्य बस्तुका पसलहरु र योजना आयोजनाहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरु विक्रि वितरण गर्ने पसलहरु बिहान ७ बजेदेखि बिहान १० बजेसम्म र बेलुका ४ बजेदेखि बेलुका ६ बजे सम्म मात्र खुल्ला रहने सो समयमा स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी पसलहरु खुल्ला गर्ने गराउने । अन्य पसलहरु पूर्ण रुपमा बन्द गर्ने गराउने ।

५. **सवारी साधन संचालन सम्बन्धमा**

- ❖ एम्बुलेन्स, शव बहान, दमकल, फोहोर मैला व्यवस्थापनमा प्रयोग हुने गाडीहरु, खाद्यान्न, तरकारी, फलफुल, माछा, मासु, अण्डा, दुग्धजन्य पदार्थ, ग्याँस, पशु आहार, कुखुराको दाना, फलफुलका विरुवा, इन्धन, अस्पताल र आईसोलेसनमा प्रयोग हुने स्वास्थ्य सामाग्रीहरु र निर्माण सामाग्री बोकेका सवारी साधनहरु निर्बाध रुपमा संचालन गर्ने ।
- ❖ सबै प्रकारका निजी तथा सवारी साधनहरु धनकुटा जिल्ला भित्र संचालन नगर्ने नगराउने । तर विरामी बोकि अस्पताल वा स्वास्थ्य संस्थामा जान लागेका वा अस्पताल वा स्वास्थ्य संस्थावाट डिस्चार्ज भई घर जान लागेका बिरामी बोक्ने प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ ।
- ❖ सवारी पास नचाहिने भनि आदेश भएका र अत्यावश्यक सेवामा प्रयोग हुने सरकारी कार्यालय तथा सार्वजनिक निकायका सवारी साधनहरु बाहेक अन्य सरकारी कार्यालय वा सार्वजनिका निकायका सवारी साधनहरु संचालन नगर्ने तर कार्यालय जाँदा र कार्यालयबाट फर्कदा कर्मचारीले प्रयोग गरेको सवारी साधनलाई कर्मचारी परिचय पत्रका आधारमा छुट दिने ।

६. **सवारी पास सम्बन्धमा**

- ❖ संघीय संसदका माननीय सांसदज्यूहरु र प्रदेश संसदका माननीय सांसदज्यूहरुले प्रयोग गर्ने निजी तथा सरकारी सवारी साधनमा सवारी पास आवश्यक नपर्ने ।
- ❖ उच्च अदालत र जिल्ला अदालतका माननीय न्यायाधीसज्यूहरुले प्रयोग गर्ने निजी तथा सरकारी सवारी साधनमा सवारी पास आवश्यक नपर्ने ।
- ❖ जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख र स्थानीय तहका प्रमुख/उपप्रमुखहरुले प्रयोग गर्ने निजी तथा सरकारी सवारी साधन सरकारी काम वा कोभिड-१९ को व्यवस्थापन कार्यमा प्रयोग गर्दा सवारी पास आवश्यक नपर्ने ।

बासुदेव दाहाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनकुटा

☎ ०२६-५२२१३१
०२६-५२२१३२
०२६-५२२६९६
Email:-daodhankuta@gmail.com
web:-daodhankuta.moha.gov.np

पत्रसंख्या:- २०७७/०७८

- ❖ धनकुटा जिल्लाका सबै स्थानीय तहका वडा अध्यक्षहरुले सरकारी काम वा कोभिड-१९ को व्यवस्थापन कार्यमा प्रयोग गरेका निजी तथा सरकारी सवारी साधन संचालन गर्न सवारी पास आवश्यक नपर्ने ।
- ❖ कुटनितिक नियोगका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा सवारी पास आवश्यक नपर्ने ।

७. कर्मचारीहरु आवत जावत गर्ने सम्बन्धमा

- ❖ सरकारी तथा सार्वजनिक निकायका कर्मचारीहरु, बैक तथा वित्तिय संस्थाका कर्मचारीहरु, स्वास्थ्यकर्मीहरु, रेडक्रसकर्मी, विद्युत, खानेपानी, दुरसंचार, नेट, फोहोरमैला व्यवस्थापन, दमकल, एम्बुलेन्स सेवाका कर्मचारीहरुलाई कार्यालय जान आउन र कार्यालयको अति आवश्यक काममा जाँदा परिचय-पत्रको आधारमा आवात जावत गर्न दिने ।

८. बैबाहिक कार्यक्रम वा अन्य धार्मिक सामाजिक कार्यको सम्बन्धमा

- ❖ बैबाहिक कार्यक्रम गर्दा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरी २ वटा गाडी सम्म प्रयोग गरी बढीमा १५ जना सम्म जन्तीको रुपमा सहभागि हुन पाउँने र स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गर्दै २५ जनामा नबढ्ने गरी विवाह घर वा स्थलमा भेला हुन पाउने ।
- ❖ व्रतबन्ध जस्ता सामाजिक कार्य गर्दा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्दै बढीमा २५ जनामा नबढ्ने गरी गर्ने गराउने ।
- ❖ सामाजिक परम्परा अनुसार दाह संस्कारका लागि मलामि जाँदा स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गरी बढीमा २५ जना मात्र मलामी जान पाउँने ।
- ❖ विवाह, ब्रतबन्ध जस्ता सामाजिक कार्यहरु गर्दा होटल तथा पार्टीप्यालेसको प्रयोग नगर्ने ।

९. होटल, रेष्टुरेन्ट, चिया तथा खाजा पसल र पार्टीप्यालेस संचालन सम्बन्धमा

- ❖ होटल, रेष्टुरेन्ट,खाजा तथा चिया पसलहरु पूर्ण रुपमा बन्द गर्ने । तर हाईवेमा रहेका भेडेटार, मुलघाट,धनकुटा,हिले,जोरपाटी र सिधुवा बजार क्षेत्रमा रहेका सबै होटल, रेष्टुरेन्ट र चिया तथा खाजा पसल बन्द गरी सो स्थान बाहेकका हाईवेमा रहेका होटल तथा रेष्टुरेन्टहरु स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्दै विहान ८ बजेदेखि बेलुकी ८ बजे सम्म मात्र संचालन गर्न पाउने सो भन्दा अघि पछि होम डेलिभरी तथा टेक बे सेवा मात्र दिन सक्ने ।
- ❖ विवाह ब्रतबन्ध तथा अन्य धार्मिक सामाजिक कार्यमा भोज भतेर खुवाउने गरी होटल तथा पार्टी प्यालेसहरुको प्रयोग निषेध गरिएको छ ।

१०.संचारकर्मीहरुको आवागमन सम्बन्धमा

- ❖ संचारकर्मीहरुलाई सूचना संकलन तथा संप्रेषण गर्न सूचना विभागले उपलब्ध गराएको प्रेस पास वा संचार माध्यमसँग सम्बन्धित संस्थाले उपलब्ध गराएको परिचय पत्रका आधारमा आवागमन गर्न दिने ।

११. लोकमार्ग संचालन सम्बन्धमा

- ❖ सवारी पास नचाहिने भनि आदेश भएका सवारी साधनहरु, सवारी पास प्राप्त गरी संचालन गरेका सवारी साधनहरु र अति आवश्यक सेवाका सवारी साधनहरु संचालनका लागि धनकुटा जिल्ला भित्रमा पर्ने कोशी लोकमार्ग, मध्यपाहाडी लोकमार्ग र भेडेटार-रबि राँके सडक बन्द गरिने छैन । तर धनकुटा जिल्ला भित्र अनुमति विना कुनै पनि यात्रु चढाउने र ओह्राल्ने काम गर्न पाईने छैन ।

बासुदेव दाहाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनकुटा

☎ ०२६-५२२१३१
०२६-५२२१३२
०२६-५२२६९६
Email:-daodhankuta@gmail.com
web:-daodhankuta.moha.gov.np

पत्रसंख्या:- २०७७/०७८

१२. विकास निर्माणका कार्यहरु सम्बन्धमा

❖ कामदारहरुलाई भौतिक तथा सामाजिक दुरी कायम गराई स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गरी गराई काममा लगाउने । कार्यस्थलमा काम गराउँदा मास्क, पन्जा, स्यानिटाइजर वा हात धुने साबुन पानी सम्बन्धित निर्माण व्यवसायी वा रोजगार दाताले उपलब्ध गराउनु पर्ने ।

१३. उद्योग धन्दा कलकारखाना संचालन र गोलीया काठ ओसार पसार सम्बन्धमा

- उद्योग धन्दा कलकारखाना सञ्चालन गर्दा आवासिय रुपमा श्रमिक/कामदारहरु राखि स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गरेर मात्र संचालन गर्ने व्यवस्था मिलाउने ।
- उद्योग वा कलकारखाना भित्र कामदार/श्रमिकहरु राख्दा स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण परिपालन गर्ने गराउने ।
- श्रमिक/कामदारहरुलाई मास्क, पन्जा, सेनिटाइजर र हातधुने सावुन पानिको व्यवस्था कार्यस्थलमा सम्बन्धित उद्योग कलकारखानाको व्यवस्थापनले नि:शुल्क रुपमा उपलब्ध गराउने ।
- दैनिक रुपमा उद्योग वा कलकारखानामा काम गर्ने कामदार/श्रमिकहरु अन्यत्रबाट भर सक नल्याउने ल्याउनै पर्ने भएमा स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गरेर मात्र ल्याउने । त्यस्ता कामदार/श्रमिकहरुलाई सम्बन्धित उद्योग वा कलकारखानाले जारी गरेको परिचय पत्रका आधारमा आवागमन गर्न दिने ।
- चिया वगानमा चिया टिप्ने कार्यमा संलग्न श्रमिक कामदारहरु बीच नेपाल सरकारबाट तोकिएको सामाजिक तथा भौतिक दुरी कायम गरी गराई स्वास्थ्य सुरक्षाका मापदण्डहरुको (मास्क, पन्जा, सेनिटाइजर) पालना गरी गराई मात्र काममा लगाउने ।
- चिया वगानमा संकलन भएको चियाको हरियो पत्ति प्रसोधन केन्द्र वा चिया उद्योग सम्म ढुवानी गर्न मालवाहक सवारी साधनको प्रयोग गर्न पाईने ।
- उद्योग धन्दा कलकारखानामा कार्यरत श्रमिक कामदारहरु कोभिड-१९ बाट संकमित भएमा सम्बन्धित उद्योग कलकारखानाले होम आईसोलेसनमा राख्ने र उपचार गराउनु पर्ने भएमा अस्पताल वा स्वास्थ्य उपचार केन्द्रमा उपचारको लागि लैजाने व्यवस्था गर्ने ।
- गोलीया काठको ओसार पसारलाई बन्द गर्ने ।

उपरोक्त आदेशहरु जनताको हित र स्वास्थ्यलाई ध्यानमा राखि कोभिड-१९ को बढ्दो संकमणलाई नियन्त्रण गर्ने उद्देश्यले जारी गरिएको हो । यो आदेशको पालना र कार्यान्वयन गर्ने कार्यमा जिल्ला स्थित सबै राजनितिक दल नागरिक समाज, व्यवसायी, प्राध्यापक/शिक्षक, विद्यार्थी, बुद्धिजीवि कानून व्यवसायी, अधिकारकर्मी, संचारकर्मी लगायत आम नागरिकको सकारात्मक सहयोगको अपेक्षा गरिएको छ र यो आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य र दायित्व पनि हो । यसर्थ उल्लेखित आदेशको पालना आफूले पनि गरौं र अरुलाई पनि पालना गर्नका लागि उत्प्रेरित गरौं । उपरोक्त आदेशको वर्खिलाप हुने गरी कसैले कुनै कियाकलाप गरेको पाईएमा संकामक रोग ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ र अन्य प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

२०७८।१।२९

बासुदेव दाहाल
प्रमुख जिल्ला अधिकारी